१८ औं

आज मिति २०७४/१२/२२ गतेका दिन यस मेचीगँगा न०पा० का नगर प्रमुख श्री सुरेन्द्र ब० चन्दको अध्यक्षतामा नगर कार्यपालिका बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो।

तपशिल

श्री सुरेन्द्र ब० चन्द, नगर प्रमुख
श्री रेनु आचार्य, नगर उप-प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष, १
श्री नन्द ब० बुढा ,, २
श्री प्रीत ब० सुनार ,, ३
श्री महाविर खत्री ,, ४
श्री प्रेम ब० साउद ,, ५
श्री बल ब० खड्का ,, ६
श्री कर्ण ब० मिजार ,, ७
श्री पदम ब० खत्री ,, ८
श्री लक्ष्मण राना ,, ९
श्री मान बै बुढा मगर ,, १०
श्री तिलकराम डाँगी ,, ११
श्री हरि प्र० कडेल ,, १२
श्री टिकाराम सुवेदी ,, १३
श्री रमना दमाई, कार्यपा० सदस्य
श्री गौरा ब० कामी ,,
श्री खिम ब० कामी
श्री मुनिकला सुनार ,,
श्री मोतिसरा खत्री ,,
श्री प्रतिक्षा वि.क. ,,
श्री विष्णु खत्री ,,
श्री खिम ब० रोका ,,
श्री मान ब० ठाडा, नि० प्र०प्र०अ०
श्री कुल ब० खड्का, प्रशासन शाखा
श्री चिरञ्जीवा शाही, प्राविधिक शाखा
श्री डिकेन्द्र पौडेल,
श्री श्याम प्र० उपाध्याय, शिक्षा
श्री जीवन सौद, लेखापाल

**प्रस्ताव नं. १ :** घरभाडा, वडाको प्रशासनिक खर्च, वडा बैठकको सदस्यहरुको भत्ता, वडाको व्यवस्थापन खर्च सम्बन्धमा ।

निर्णय नं. १ : नगरपालिकाको वडा कार्यालयहरुको घर भाडा, वडा सदस्यहरुको बैठक भत्ता साविककै अनुसार, वडा व्यवस्थापन खर्च, अतिथी सत्कार, संचारलगायतका खर्चको लागि बढीमा मासिक १० हजारसम्म हुने गरी चैत्रदेखिभैपरी र अतिथी सत्कारबाट कट्टा हुने गरी सिलिङ बनाई लेखा शाखाबाट तत्काल उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २ :** अनलाइन सम्बन्धमा ।

निर्णय नं. २ : नेट व्यवस्थापन भएका वडा कार्यालयहरुमा अनलाइनबाट काम गर्ने निर्णय गरियो । साथै सो कार्यका लागि आवश्यक पर्ने सामाग्री कार्यालयबाट खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।साथै सो कार्यलाई संघीय संरचना पूर्वाधार विकास कार्यक्रमको बचत रकम र अन्य शिर्षकबाट बचत हुने रकमबाट एकीन खरि निर्णय गराई सो बाट खर्च गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :** वडा अध्यक्ष ज्यूको सिफारिस सम्वन्धमा ।

निर्णय नं. ३ : सम्बन्धित वडा कार्यालयअर्न्तगत रहेका सरकारी कार्यालयहरुको कर्मचारी, शिक्षकहरु विदा बस्दा, तलब खादालगायतका सिफारिस वडा अध्यक्ष ज्यूहरुले गरेपछि मात्र कार्यालयले थप कार्य प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :** पाँच लाख तलका योजनाको भुक्तानी सम्बन्धमा ।

निर्णय नं. ४ : पाँच लाख भन्दा तलका योजनाहरुको रकमहरुको भुक्तानीका लागि वडा अध्यक्ष ज्यूको मातहतमा रहेको समिति र सो वडाको कार्यपालिका सदस्यलेगरेको अनुगमनको आधारमा नगरको अनुगमन समिति वा संयोजकले अनुमोदनको सिफारिस गरेपछि भुक्तानी प्रक्रिया दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :** खातासम्बन्धमा ।

निर्णय नं. ५ : नगरपालिकाबाट समितिलाई भुक्तानी दिइने रकम बैंक खातामार्फत भुक्तानी दिइने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :** शारदा उ.मा.वि. मा कृषि प्राविधिक कक्षा संचालनको लागि रकम मागसम्बन्धमा ।

निर्णय नं. ६ : शारदा उच्च माविमा कृषि प्राविधिक शिक्षा संचालनका लागि प्रवर्द्धनात्मक शिर्षकबाट ५ लाख प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :** लक्षित बर्गको रकम सम्बन्धमा ।

निर्णय नं. ७ : लक्षित बर्गका लागि वडामा विनियोजन गरिएको ९० लाख रकमलाई २०६८ सालको जनगणनाको जनसंख्याअनुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :** स्वास्थ्यका करार कर्मचारीहरुको तलब रकम सम्बन्धमा ।

निर्णय नं. ८ : यस नगरपालिका अर्न्तगत स्वास्थ्य शाखाबाट करार सेवामा राखेका (चारजना)कर्मचारीहरु अनमी हिमा राना, सरिता शर्मा, सिता विसीलाई १६५०० का दरले अहेब इन्द्रा थापा १७००० का दरले २०७४ माघदेखि २०७५ असार मसान्तसम्मका लागि यस नगरपालिकाकोतलब स्वास्थ्य शाखाको तलब भत्ताको शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । साथै शहरी स्वास्थ्य केन्द्र बबईमा कार्यालय सहयोगी पदमा कार्यरत मन्जु बुढाको तलब माघदेखि असार मसान्तसम्मका लागि दशहजार रुपैयाँ बनाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :** शहरी स्वास्थ्य केन्द्रको भवन सार्ने सम्बन्धमा ।

निर्णय नं. ९ : यस नगरपालिका अर्न्तगत रहेको शहरी स्वास्थ्य केन्द्र बवई गेरुवानीको नवनिर्मित भवन निर्माण भईसकेको हुँदा सो भवनबाटै सेवा संचालनका लागि यथासक्य गेरुवानी भवनमा सार्न निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १० :** करार कर्मचारीहरुको म्याद थप सम्वन्धमा ।

निर्णय नं. १० : यस नगरपालिकामा कार्यरत करार कर्मचारीहरुको म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :** प्रतिक्षालय तथा कार्यालय ग्राउन्ड निर्माण सम्वन्धमा ।

निर्णय नं. ११ : यस नगरपालिकाको क्षेत्रभित्रमा प्रतिक्षालय तथा कार्यालय अगाडि ग्राउन्ड व्यवस्थापनका लागि अन्य बचत शिर्षकबाट खर्च हुने गरी स्टमेट तयार गरि योजना अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :** छोरी लक्ष्मी बचत खाता सम्वन्धमा ।

निर्णय नं. १२ : छोरी लक्ष्मी बचत खाता सम्वन्धमा आफुलाई पाएक परेका सहकारी, बैंकहरुमा खाता खोल्नका लागि आवश्यक प्रक्रिया थाल्ने निर्णय गरियो । सो खाता खोलीसकेपछि खाता खोलेको रसिद नगरपालिकामा बुझाउनुपर्ने छ ।

निर्णय नं. १३ : समय अभावका कारण आजको कार्यपालिका बैठक यही सकिएको जानकारी गराउँदै मिति २०७४ साल चैत्र २३ गतेका दिन बस्ने निर्णय गरियो ।

(हस्ताक्षर) ०७४।१२।२२